

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस् ! चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार ४ गते शनिबार ❑ 18 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## संघ र प्रदेशको निर्वाचन पछिसम्म पनि गठबन्धन रहन्छ : अध्यक्ष दाहाल

**रासस**
**चितवन, ३ असार**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्ति प्रकृया टुङ्गोमा लगाउने बेलासम्म पाँच दलीय गठबन्धन कायम रहने बताउनुभएको छ।

भरतपुर महानगरपालिकाले शुक्रबार यहाँ आयोजना गरेको भरतपुर महानगरको आगामी कार्यदिशा विषयक अन्तरक्रियामा उहाँले सङ्घ र प्रदेशको निर्वाचनसम्म मात्रै नभएर शान्ति प्रकृया टुङ्गोमा पुऱ्याउने र विकासको नयाँ युगतिर लैजानका लागि पनि सामुहिकतामा नै जाने बताउनुभयो।



देशलाई अब कसैले प्रतिगमनतर्फ लान नसक्ने भन्दै उहाँले भन्नुभयो, "अहिले पनि समस्या र चुनौति त छन्, यद्यपी गठबन्धनको सरकारले ती मुद्दा समाधान गर्दै अघि बढेको छ ।" अहिले देशमा एक्लै हिड्ने प्रवृत्ति र मिलेर हिड्ने प्रवृत्तिका बीचमा लडाइँ भइरहेको उहाँले बताउनुभयो । हरेक पार्टीभित्र पनि यो प्रवृत्ति कायम रहेको भन्दै उहाँले भन्नुभयो, "हिजो प्रतिगमनतिर जान खोज्ने, संविधान मिच्न खोज्ने, लोकतन्त्रलाई मास्न खोज्ने प्रवृत्ति एक्लै हिंडेको छ। अर्को सबै मिलेर जाउँ भन्ने प्रवृत्ति रहेको छ ।" एकताको पक्ष र विरोधीका बीचमा अहिले लडाइँ चलिरहेको उहाँले बताउनुभयो । स्टेर्ट पार्टनरसीप प्रोग्राम (एसपिपी) पूर्वप्रधानमन्त्री केपीशर्मा ओली सरकारको पालामा भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रवादको ढोङ्को पछि नलाग्न र सक्कली राष्ट्रवाद हुन पनि अपिल गर्दछु।"

अध्यक्ष दाहालले चितवनको भरतपुर अस्पताललाई शिक्षण अस्पताल बनाउन आफूले पहल थाल्ने बताउनुभयो । काठमाडौँ फर्किएर प्रधानमन्त्री शेरबहादुर देउवालाई भेट गरी डढेलधुरामा मात्र होइन चितवनमा पनि आवश्यक रहेको भन्दै प्रस्ताव गर्ने उहाँले बताउनुभयो। भरतपुर महानगरपालिकामा विगतमा भएका विकासको प्रशंसा गर्दै उहाँले यस अघि पहिलो प्रथामिकता सडक रहेको भन्दै अबको प्रथामिकता उत्पादन, रोजगारी, सामाजिक सुरक्षा र न्यायतर्फ केन्द्रित हुनुपर्ने बताउनुभयो । विकासका हिसाबले आफ्नो ध्यान देशभरनै पुग्ने भए पनि यहाँको विकास देशकै लागि नमूना बन्ने बताउनुभयो। कार्यक्रममा ऊर्जा, सिँचाइ तथा जलश्रोत मन्त्री पम्फा भुसालले नारायणी तटबन्धन र सिँचाइका क्षेत्रमा भरतपुरमा महत्वपूर्ण काम अघि बढेको बताउनुभयो। वार्षिक रु तीन खर्ब ५० अर्बभन्दा बढी खाध्यान्न बाहिरबाट आएको भन्दै उहाँले यसलाई रोक्ने गरी कृषि उत्पादन यही गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "सिँचाइको व्यवस्था हामी गर्छौं । चितवनले गरेको उत्पादन जिल्लामा मात्र सीमित नभएर राजधानीमा पनि पुग्नुपर्छ ।" बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले चितवन, मकवानपुर र धादिङ्मा चेपाङ्लाई लक्षित गरी विशेष कार्यक्रम अघि सारिएको बताउनुभयो । प्रदेश सरकारले ल्याएका बजेटका मुख्य अङ्शका बारेमा उहाँले जानकारी गराउनुभएको थियो । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष विश्व पौडेलले चितवनलाई सडक सञ्जालमार्फत काठमाडौँ, पोखरा, भैरहवा र वीरगञ्जलाई जोड्ने गरी कार्यक्रम अघि बढाइएको बताउनुभयो।

सो अवसरमा बागमती प्रदेशका उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मिलनबाबु श्रेष्ठ, अर्थ सचिव मधुकर मरासिनी, भौतिक योजना तथा पूर्वाधार विकास मन्त्रालयका सचिव गोपलप्रसाद सिग्देल, सडक विभागका महानिर्देशक अर्जुनजङ्ग थापा, नागरिक उड्डयान प्राधिकरणका महाप्रबन्धक प्रदीप अधिकारी, सिँचाइ विभागका महानिर्देशक शुशीलचन्द्र आचार्य, विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ्, राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङ्, नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाललगायतले बोल्नु भएको थियो। कार्यक्रममा महानगर प्रमुख रेनु दाहाल र उपप्रमुख चित्रसेन अधिकारीले महानगरपालिकाको वर्तमान अवस्था, उपलब्धि र अबको कार्यदिशाका बारेमा प्रकाश पार्नुभएको थियो । महानगरपालिकामा चालु अवस्थामा रहेका मुख्य आयोजना र नयाँ कार्यक्रमको बारेमा विस्तृत जानकारीसमेत सो अवसरमा प्रमुख दाहालले गराउनुभएको थियो।

## संसदीय समितिमा प्रधानसेनापतिको जवाफ : एसपिपीमा आबद्ध हुन सकिँदैन

**रासस**
**काठमाडौं, ३ असार**

प्रधानसेनापति प्रभुराम शर्मालै 'स्टेट पार्टनरसीप प्रोग्राम' (एसपिपी) मा नेपाल आबद्ध हुन नसक्ने स्पष्ट गर्नुभएको छ।

उहाँले सुरुमा नेपाली सेनाले गोरखा भूकम्पका बेला विपद्मा मानवीय र गैरसैनिक सहयोगका लागि सरकारको स्वीकृतिमा पत्राचार गरेको र सहयोग पनि लिएको तर पछि सन् २०१९ पछि एसपिपी 'इण्डो प्यासिफिक रणनीति'को अङ्ग हुने भनिएपछि यसमाथि पुनर्विचार गर्न नेपाल सरकारलाई पत्राचार गरेको बताउनुभएको छ।

प्रतिनिधिसभाको अन्तर र्ाष्ट्रिय सम्बन्ध समितिको शुक्रबारको बैठकमा उहाँले केही दिनअघि नेपाल भ्रमणमा आउनुभएका अमेरिकी सैनिकका एशिया प्यासिफिक प्रमुखसँगको भेटमा पनि आफूहरु एसपिपीमा आबद्ध हुन नसक्ने स्पष्ट कुरा राखेको जानकारी दिनुभयो।

उहाँले सामाजिक सञ्जाल र केही मिडियामा देखिएको नेपालले सम्झौता गर्न लागेको भनी सार्वजनिक एसपिपीको १० बुँदे पत्र पूरै गलत भएको बताउनुभयो । सो अवसरमा प्रधानसेनापति शर्माले भोलि असार ४ गतेदेखि आफूले गर्न लागेको लेबनान, सिरिया र अमेरिकाको भ्रमणका सम्बन्धमा समितिलाई जानकारी गराउनुभएको थियो।

साथै उहाँले भ्रमणका क्रममा आफ्ना तर्फबाट कुनै सम्झौता नहुनेसमेत स्पष्ट पार्नुभयो। उहाँले नेपाली सेना मुलुकको परराष्ट्र नीति र जनहितका आधारमा मात्र सञ्चालन हुने पनि सो समितिमा स्पष्ट गर्नुभयो।

## खैरेनीटार-भिमाद सडक एकतर्फी सञ्चालन

**पोखरापत्र संवाददाता**
**दमौली, ३ असार**

तनहुँको शुक्लागण्डकी नगरपालिकादेखि भिमाद बजार जाने एकतर्फी सडक सञ्चालनमा आएको छ।

शुक्लागण्डकी-७ स्याउली बजारमा वर्षाको भेलले सडक खाल्डो परेपछि शुक्रबार बिहानदेखि एकतर्फी सडक सञ्चालनमा आएको हो । उक्त सडकखण्ड विस्तारका लागि नयाँ बाटो बनाउने क्रममा पानीको भलले सडक नै खाल्डो परेपछि बिहीबार रातिदेखि अवरुद्ध भएको सडकखण्ड शुक्रबार बिहानदेखि एकतर्फी सञ्चालनमा आएको इलाका प्रहरी कार्यालय बेलचौताराका प्रहरी निरीक्षक भोजराज पाण्डेले जानकारी दिनुभयो । "राति १ बजेसम्म काम गर्दा पनि अवरुद्ध सडक खुलाउन नसकेपछि आज बिहानबाट एकतर्फी सञ्चालनमा ल्याउन सफल भएका छौँ", उहाँले भन्नुभयो। उक्त सडकखण्ड कालोपत्रका लागि गत वर्षको साउनदेखि काम भइरहेको छ । खैरेनीटार-भिमाद-भुमरीघाट-कावासोती सडकको शुक्लागण्डकी नगरपालिका र म्याग्दे गाउँपालिकाको पाँच किलोमिटर सडक फराकिलो बनाएर नयाँ कालोपत्र गरिनेछ।

उक्त कामका लागि सडक डिभिजन कार्यालयले काठमाडौँस्थित श्री महालक्ष्मी/हिमाली जेभीबीच सम्झौता गरेको थियो। रु सात करोड ४५ लाख २१ हजारको लागतमा उक्त कामको ठेक्का लागेको छ। जिल्लाको भिमाद नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकाको प्रमुख सडक यही हो। यस्तै नवलपुर, पाल्पा र स्याङ्जाका विभिन्न स्थानका सवारी तथा यात्रुसमेत यही सडक भएर आवतजावत गर्ने गर्दछन्।

## सदस्यता वितरण विशेष अभियान सञ्चालन गरिँदै

**रासस**
**काठमाडौं, ३ असार**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले देशभर सङ्गठन विस्तार गर्ने क्रममा असारदेखि भदौसम्म तीन महिना सदस्यता वितरण विशेष अभियान सञ्चालन गर्ने भएको छ।

पार्टीका महासचिव डा बेदुराम भुसालको अध्यक्षमा बसेको केन्द्रीय सङ्गठन विभागको बैठकले पार्टी सदस्यता वितरणलाई जोड दिएको हो। उक्त सङ्गठन विभागले केन्द्रीय परिषद्लाई पूर्णता दिन पहिले प्रतिनिधित्व भइसके बाहेकका मोर्चा जनसङ्गठनलाई विधानको व्यवस्थाअनुसार नाम पठाउन भनिएको छ । असार मसान्तभित्र पार्टी सदस्यता अद्यावधिक गर्न, नवीकरणको काम भदौ मसान्तभित्र सम्पन्न गर्ने अन्तरपार्टी निर्देशनमा उल्लेख गरिएको छ । नेकपा (एमाले) सँग विद्रोह गरी गठन भएको नेकपा (एस)ले छोटो अवधिमा नै पार्टी सङ्गठनलाई देशभर फैलाउन सफल भएको बैठकले निष्कर्ष निकालेको छ।

## फाइनलमा पुगेका ग्यापर जेनिसलाई पोखरामा भव्य स्वागत

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असार**

बिहानको नौ बजेको थियो । मोवाइलमा पूर्ण भाइ नामबाट भाइवरेशन भयो । म व्यस्त थिएँ। सन्देश पठाएँ। तैपनि तीन पटकसम्म भाइको फोन आयो। जति व्यस्त भएपनि फोन उठाएको के थिएँ । दाजु आज कान्छो आउँछ दिनको दुइ बजे । कान्छोको वारे सूचना पाएको थिएँ मेरो व्यस्ततालाइ टपक्क विर्सेर भाइ भन।



दाजु सवै साथीहरु कुँडहर चोकमा दिनको दुइ बजे भेट्ने कार्यक्रम छ । दाजु हजुर पनि आउनुहोला। भाइ तिम्रो मात्र छोरा होइन मेरो पनि छोरा हो। म आउँछु भने। आफ्नो काम सकेपछि घर गएँ । श्रीमती सम्झनालाइ पनि भने आज जेनिस बाबु पोखरा आउने जानकारी गराएँ। ओहो त्यसो भए त भेट्न पर्दछ भन्दै म घर ढिला गएर बनेको श्रीमतीको अध्याँरो अनुहार चन्द्रमा जस्तै टल्कियो । खाना खाएर यसो किताबलाइ साथि बनाएको थिएँ । श्रीमतीले दुई बज्न १५ मिनेट बाँकी छ हजुर जानी होइन भन्दै थिइन म तयारी अवस्थामा पुग्येँ । उता पुर्ण भाइको फोन आयो दाजु कान्छो जाममा पऱ्यो तीन बजे आउँछ रे । म हिड्न तयार भएको खुट्टामा ब्रेक लाग्यो। तैपनि मन तन जेसिलाइ काठमाडौवाट कुँडहर चोकमा झर्नी वित्तिकै भेट्ने हुटीहुटी चलेको थियो । विस्तारै म जेनिसलाइ स्वागत गर्न चोक तिर पुग्यें। भाइलाइ फोन गरे भाइ यहाँ त खोइ पनि हुनुहुन्न। दाजु अमरसिँह चोक भन्दा माथीको चोक हाम्रो घर तिर आउने वाटोमा साथीहरु सवै आउनु भएको छ। मेरो स्टेरिङ शिवचोकवाट अमरसिंहचोक तिर पुगी रोकीयो । चोकमा के पुगेको थिएँ । आकशवाट इन्द्र भगवानले जेनिसलाइ हामीले भन्दा पहिला जलले स्वागत गर्नुभयो। जल स्वागत सवै भन्दा राम्रो स्वागत हो । अन्दाजी ७० सवारी साधनका दाजु भाइको पर्खाइ जेनिसलाइ भयो । पोले पनि घामै जाति ,पिटे पनि आमै जाति भने झै आमा हिमा जिसी छोरालाइ स्वागत गर्न छिमेकी रमा वराल आचार्य सँग आइ पुगिन्। तीन महिना पछिको भेटले आमा छोरा अँगालोमा डुवी एक अर्कामा खुसा साटे । उता दाजु आदेश जिसी र समाजसेवी श्रीप्रसाद गुरुङ पनि जेनिसलाइ देख्ने विक्तिकै मन थाम्न नसकी एकै पटक अँगालोमा बसे । यसरी जेनिसलाइ अगाडि बढाउँदै लामबद्ध रुपमा ट्याक्सी सँगै काउँखोला पुगी भिडमा परिणत भयो। सोही अवसरमा वडा नं १३ का अध्यक्ष किरण वराल टुप्लुक्क आइपुगी जेनिसलाइ शुभकामना दिँदै व्यक्तिगत सँगै वडावाट पनि सक्दो सहयोग गर्ने वचन वद्धता दिए । ग्यापर जेनिसले सवैलाइ

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## एमाले अध्यक्ष ओलीसँग गृह र कानुनमन्त्रीको भेटवार्ता

**रासस**
**काठमाडौं, ३ असार**

प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसँग गृहमन्त्री बालकृष्ण खाण र कानुन न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा (कोइराला) ले भेटवार्ता गर्नुभएको छ।

भक्तपुरको बालकोटस्थित अध्यक्ष ओलीको निवासमा भएको भेटमा नागरिकता विधेयकलाई राजनीतिक सहमतिमा अगाडि बढाउने विषयमा कुराकानी भएको गृहमन्त्रीको सचिवालेले जनाएको छ । सचिवालयका अनुसार नागरिकता विधेयक सदनमा अगाडि बढाउने र दलीय सहमतिमा पास गर्ने विषयमा सकारात्मक छलफल भएको गृहमन्त्री खाणले बताउनुभएको छ। सरकारले दलीय सहमतिमा नागरिकता विधेयक संसद्मा पेस गरेर पास गर्ने तयारी गरिरहेको छ। गृहमन्त्री खाणले उक्त विधेयबारे पटकपटक दलहरूसँग छलफल गर्नुभएको छ । उहाँहरूले यसअघि नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल र जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवसँग भेटवार्ता गरिसक्नुभएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पिएनसी विविए सर्कलद्धारा क्यास्पसमा वृक्षारोपण

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असार**

पोखराको पृथ्वीनारायण क्याम्पस विविएमा अध्ययनरत विद्यार्थीहरुले विविए भवन परिसरमा वृक्षरोपण गरेका छन् ।

पिएनसी विविए सर्कलको आयोजनामा भएको कार्यक्रममा सहप्राध्यापक डा. विरबहादुर कार्की र सर्कलका अध्यक्ष विजय लम्सालले सम्युक्त रुपमा कल्कीको वेर्ना सारेर कार्यक्रमको सुरुवात गरेका थिए। कार्यक्रममा कल्की, रुद्राक्ष, धुपी, अमला, लगाएत विभिन्न जातका ३०



वेर्ना सारिएको विद्यार्थी आकृति रानाभाटले वताईन् । शुक्रबार भएको सो कार्यक्रममा विविए प्रोग्राम निर्देशक ध्रबकुमार बुढाथोकी, सहायक निर्देशक भुपाल जैसी तथा विद्यार्थीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

# जुत्ता उद्योगमा आगलागी, ६५ लाख क्षति

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ असार**

बागलुङ बजारमा रहेको जुत्ता चप्पल उद्योग र मोटर पार्टस् पसलमा आगलागी हुँदा ६५ लाख बढीको क्षति भएको छ। बागलुङ नगरपालिका-४ उपल्लाचौरका शर्तमान श्रेष्ठको घरमा सञ्चालित न्यू धौलागिरी जुत्ता चप्पल उद्योग र स्नेहा मोटर पार्टस् पसलमा शुक्रबार हिउँसो आगलागी भएको हो।

आगलागीका कारण जुत्ता चप्पल उद्योगमा तयार भएका जुत्ता, चप्पललगायत कच्चा सामग्री र मेसिनमा क्षति पुगेको छ भने मोटर पार्टस्मा रहेका विभिन्न खालकमा मर्मत सामग्रीमा क्षति पुगेको प्रहरीले जनाएको छ। दिउँसो पौने ३ बजे विद्युत सर्ट भएर आगलागी भएको प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाले बताउनुभयो । बागलुङको काठेखोला गाउँपालिका-७ रेशका शिव किसानले जुत्ता चप्पल उद्योग र बागलुङ नगरपालिका-१ का राजकुमार शर्माले मोटर पार्टस् सञ्चालन गर्दै आउनुभएको थियो।

आगलागीको खबर पाएलगत्तै प्रहरी उपरीक्षक दयानीधि ज्ञवालीसहितको प्रहरी टोली, विपत् व्यवस्थापन गुल्मको टोली, सशस्त्र प्रहरी र नेपाली सेना तथा स्थानीयको सक्रियतामा अपराह्न ४ बजे आगो नियन्त्रणमा आएको थियो। आगलागीबाट सोही घरमा बस्ने ६९ वर्षीय सरधुन श्रेष्ठ, ६१ वर्षीय भगवती श्रेष्ठ, ३८ वर्षीय शिव श्रेष्ठ, मशव श्रेष्ठ र उहाँका ११ वर्षीय छोरा मदप्सन श्रेष्ठलाई सामान्य घाइते अवस्थामा उद्धार गरिएको रानाले जानकारी दिनुभयो।



लसुन प्याज सफा गर्दै महिला : अन्नपूर्ण गाउँपालिका-११ स्थित पर्यटकीय गाउँ घान्द्रुकमा स्थानीय उत्पादन लसुन, प्याज थन्क्याउन सफा गर्दै महिला। तस्बिरः जमुनावर्षा शर्मा/रासस

# प्रतियोगितामा सहभागी हुने खेलाडीको बीमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असार**

गण्डकी प्रदेश सरकारले राष्ट्रिय तथा प्रदेशस्तरका खेल प्रतियोगितामा भाग लिने खेलाडीको बीमा गर्ने भएको छ। प्रदेश अर्थमन्त्री रामजीप्रसाद बरालले प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७९/८० को बजेट कार्यक्रममा खेलाडीको बीमा गर्ने व्यवस्था गरिएको बताउनुभयो । अन्तर र्ष्ट्रियस्तरको प्रतियोगितामा सहभागी हुने खेलाडीको स्वास्थ्य बीमाको व्यवस्था भए पनि कतिपय राष्ट्रिय र प्रदेशस्तरीय प्रतियोगितामा भाग लिने खेलाडी यसबाट बञ्चित हुँदै आएका थिए । यसैगरी आगामी बजेटमा राष्ट्रिय खेलकुद प्रतियोगितामा स्वर्ण पदक विजेताका लागि प्रोत्साहनस्वरुप नगद पुरस्कारको व्यवस्था गरिएको मन्त्री बरालले बताउनुभयो। सरकारले गण्डकी प्रदेशमा खेलकुद पूर्वाधार विकासका लागि रु १५ करोड बजेट विनियोजन गरेको छ।

प्रदेशभित्रका खेलमैदान निर्माण, मर्मत तथा स्तरोन्नति र 'एक स्थानीय तह, एक खेलमैदान' निर्माणलाई निरन्तरता दिँदै खेल पूर्वाधारका लागि सो बजेट छुट्याइएको हो । प्रदेश सरकारले सङ्घीय सरकारसँगको सहकार्यमा २०७५ सालदेखि नै हरेक पालिकामा स्थानीयस्तरको खेलग्राम निर्माणलाई अघि बढाएको हो।

यसैगरी बजेटमा खेलकुद पूर्वाधार निर्माणमा जोड दिइ पोखरा रङ्गशाला, विभिन्न कभर्डहल र पोखरामा राष्ट्रिय तथा प्रादेशिक खेलकुद प्रतियोगिता सञ्चालन गर्न सक्ने गरी बजेट विनियोजन गरिएको छ । सरकरारले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेशको प्रभावकारी सहभागिताका लागि आवश्यक बजेट व्यवस्था गरेको छ। गण्डकी प्रदेशमा गत जेठ अन्तिम साता प्रतियोगिता गर्न मिति तय गरिए पनि स्थानीय तह निर्वाचनका कारण रोकिएको छ। सरकारले यसै वर्ष राष्ट्रिय खेलकुद आयोजना गर्ने तयारी गरेको छ।

# एकै ठाउँबाट सेवा पाउँदा मख्ख छन्, शुक्लाका सेवाग्राही

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३ असार**

जिल्लाको शुक्लागण्डकी नगरपालिकाले सेवाग्राहीलाई सेवा प्रवाह सञ्चालन केन्द्रबाट सबै प्रक्रिया पूरा गरी सेवा दिन सुरु गरेको छ।

सेवाग्राहीले कार्यालयमा बिना झन्झट सेवा लिन पाउँदा नगरवासी खुसी छन् । कुन फाइल कुन फाँटमा कसरी लैजाने, सही कसले गर्ने हो भन्ने अप्ठेरो हुन्थ्यो तर अहिले एकै ठाउँमा बसी बसी सेवा पाउँदा खुसी लागेको वडा नं ८ को ढोरफिर्दीका क्याप्टेन ललितप्रसाद प्रधानले बताउनुभयो । कुन ठाउँमा जानुपर्छ होला भनेर कर्मचारीलाई नै सोध्दै जानुपर्थ्यो अहिले सहज रुपमा सेवा पाउँदा नगरपालिकावासी खुसी भएको उहाँको भनाइ थियो। सार्वजानिक सेवा प्रवाहलाई सहज, छिटो, छरितो, पारदर्शी र नागरिकमैत्री बनाउन केन्द्र सञ्चालनमा ल्याएर सेवा दिन थालिएको नगरप्रमुख कृष्णराज पण्डितले जानकारी दिनुभयो ।

सेवा लिन विभिन्न शाखामा जानुपर्ने र कर्मचारीलाई बुझाउन झन्झट हुँदा समस्या खेप्दै आएका सेवाग्राहीको काम अब कर्मचारी स्वयम्ले काम गर्ने हुँदा सेवाग्राहीलाई सहज हुने विश्वास गरेको उहाँको भनाइ थियो। नगरपालिकामा आएपछि कुन कामका लागि कसलाई भेट्ने थाहा नहुने भएकाले सेवाग्राहीलाई सोफामा राखेर पानी र चिया खुवाएर सबै काम कर्मचारीले नै गर्ने गरी व्यवस्था मिलाइएको नगरप्रमुख पण्डिले बताउनुभयो । नगरपालिकाको केन्द्र मुख्य प्रशासनिक भवनको भुईं तलाको बीच भागमा स्थापना गरिएको छ । केन्द्रको बाहिरी घेरा वरिपरि सेवा लिन आउने नागरिकलाई आरामदायी सुविधा सम्पन्न प्रतीक्षा कक्ष (स्थल) मा बस्ने व्यवस्था मिलाइएको छ । कामका लागि जनता कर्मचारीको ठाउँमा जाने नभई कर्मचारी नै आवश्यक परेको खण्डमा जनतासामु गएर काम गर्ने वातावरण सिर्जना गर्न केन्द्र सञ्चालनमा ल्याइएको उपप्रमुख खुमबहादुर विक (राजु)ले बताउनुभयो। सुरुदेखि सेवा प्राप्तिसम्म तोक आदेश, दर्ता, सम्बन्धित शाखामा पेस र अन्तिम सेवा नागरिकको हातमा हस्तान्तरणसम्मको कार्य कर्मचारीले नै गर्ने गरी व्यवस्था गरिएको छ। सेवाग्राहीले निवेदन बुझाइसकेपछि कर्मचारीले नै लिएर जाने भएकाले धेरै सहज भएको उहाँको भनाइ थियो। काम हुन नसक्ने अवस्था भए कारण खुलाएर पत्र दिने र सो अनुसारको कागजपत्र पूरा गरेर ल्याउन लगाइने उपप्रमुख विकले बताउनुभयो । सेवाग्राहीले सेवासँग सम्बन्धित कागजातसहितको फाइल केन्द्रमा रहेका कर्मचारीलाई हस्तान्तरण गरिसकेपछि बाँकी कामको सबै प्रक्रिया पूरा गर्न सम्बन्धित शाखा, उपशाखा, इकाइसँग समन्वय गरी कर्मचारीले नै पूरा गरी सेवाग्राहीलाई प्रदान गर्ने व्यवस्था मिलाइएको छ।

# भारी वर्षाको सम्भावना: सतर्कता अपनाउन आग्रह

**रासस**
**काठमाडौं, ३ असार**

जल तथा मौसम विज्ञान विभागले मनसुनी वायुको प्रभावले देशको केही स्थानमा भारी वर्षाको सम्भावना रहेकाले सतर्कता अपनाउन आग्रह गरेको छ।

विभागले आगामी २४ घण्टाका प्रदेश नं १ र मधेस प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको जनाएको छ । उक्त प्रदेशहरूको पहाडी भू-भागमा भू-क्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको साथै नदीनाला तथा खहरे खोलाहरूमा पानीको सतह बढ्न सक्ने तथा दैनिक जीवन/यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन पनि विभागले सबैमा अनुरोध गरेको छ।

वर्षा नभएका क्षेत्रहरूमा तापक्रमको वृद्धिका कारण हुन सक्ने असरहरूबाट बच्न आवश्यक सतर्कता अपनाउनसमेत अपिल गरिएको छ । हाल प्रदेश नं १, मधेस प्रदेश, बागमती, गण्डकी प्रदेशमा सामान्य बदली रही बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा भई प्रदेश नं १, मधेस प्रदेश, बागमती र गण्डकी प्रदेशका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङसहित हल्का वर्षा भइरहेको छ।

विभागका अनुसार प्रदेश नं १, मधेस प्रदेश, बागमती, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशलगायत अन्य प्रदेशका पहाडी भू-भागहरूमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागहरुमा आंशिक बदली रहनेछ।

प्रदेश १, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेशका र लुम्बिनी प्रदेशका केही र बाँकी प्रदेशका पहाडी भू-भागका थोरै स्थानहरुमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । रातको समयमा देशभर आंशिकदेखि सामान्य बदली रही प्रदेश नं १, मधेस प्रदेश, बागमती र गण्डकी प्रदेशका केही, लुम्बिनी प्रदेशका थोरै र अन्य प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानहरुमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै प्रदेश नं १ र मधेस प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको रहेको छ।

# फाइनलमा...

आत्मैदेखि धन्यवाद दिदै गित गाएर उपस्थित सवैलाइ मन्त्रमुग्ध पारे। उता बाबा पुर्ण आँखा भरी खुशीका आँसु बगाउँदै मेरो छोरो मात्र नभै हजुरहरुको सवैको छोरा भएका खुशी साटे । सो कार्यक्रम युवा व्यवसायी तथा समाजसेवी कुमार केसीले संचालन गरेका थिए। नेपहपको श्रीपेच कार्यक्रम अन्तर्गत अहिले फाइनलमा प्रवेश गरेका छन् जेनिस । इष्टमित्र, आफन्त, छरछिमेक, वडा नं १३ मा रहेका संघ संस्थाको माया ममता सँगै स्वदेश तथा विदेशवाट सयौं शुभचिन्तकहरुको जेनिसलाई सहयोग जारी छ।


## बर्षातको समयमा हुने पानीजन्य रोग प्रति सजग रहौं

**फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिस जस्ता रोगहरू लाग्न सक्छन ।**

*त्यसैले:*

- *खोला, धारा वा मुलको पानी सिधै नपिऔं।*
- *पानी उमालेर वा शुद्धिकरण गरेर मात्र पिऔं।*
- *पानीलाई पीयुष, अक्वाट्याब्स वा अन्य क्लोरिन जन्य कुराहरु हालेर शुद्धिकरण गरौं।*
- *पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरू :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।




## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पञ्चकोटमा पूर्वाधार विकास गरिँदै

**रासस**
**बलेवा, ३ असार**

बागलुङ नगरपालिका-६ स्थित पञ्चकोट धाममा पछिल्लो समय तीनै तहका सरकारको चासो बढेको छ। सङ्घीय, प्रदेश र स्थानीय सरकारले पञ्चकोटमा पूर्वाधार विकास र प्रचारप्रसारका लागि आफ्ना कार्यक्रममार्फत सहभागिता जनाउन थालेका हुन्।

स्वामी कमलनयनाचार्य (मुक्तिनाथ बाबा)को पहलमा पञ्चकोटमा विभिन्न धार्मिक तथा पर्यटकीय संरचना निर्माणका लागि विसं २०७१ देखि बर्सेनि महायज्ञ सञ्चालन गरी आर्थिक सङ्कलन गरिँदै आएको छ । महायज्ञकै भरमा पञ्चकोटमा बनेका संरचनालाई पूर्णता दिन तीन तहका सरकारको ध्यानाकर्षण भएको हो। दक्षिण भारतीय शैलीमा निर्माण भएका मन्दिर र केही पूर्वाधार निर्माण भइरहेको अवस्थामा नै अध्ययन तथा अवलोकन र पूजापाठका लागि आउने पर्यटकको सङ्ख्यामा वृद्धि भएसँगै सरकारी निकायको ध्यान पञ्चकोटमा पर्न थालेको वडाध्यक्ष रुद्रबहादुर केसीले बताउनुभयो।

आठ वर्षदेखि निर्माणाधीन पञ्चकोटमा झण्डै रु २५ करोडभन्दा बढीको संरचना निर्माण भइसकेका छन् भने मुख्य संरचनाका रूपमा निर्माण हुने विश्व शान्ति कलशको रु ६० करोड लागत लाग्ने विस्तृत परियोजना प्रतिवेदन तयार गरी अहिले फाउण्डेसनको काम भइसकेको छ। कलशको फाउण्डेसन तयार गर्नका लागि तीन वर्षयता बागलुङ नगरपालिकाले बजेट विनियोजन गर्दै आएको छ। बागलुङ नगरपालिकाले पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न हरेक वर्ष लगानी गर्दै आएको पञ्चकोटमा आगामी आर्थिक वर्षका लागि सङ्घीय सरकारले पनि झण्डै रु चार करोड विनियोजन गरेको छ। "पञ्चकोटमा विश्व शान्ति सर्वसिद्धिधाम कलश, भ्यू टावर र अन्य संरचना निर्माणका लागि आगामि आर्थिक वर्षका लागि रु तीन करोड ८८ लाख बजेट विनियोजन भएको छ", सङ्घीय सांसद डा सूर्य पाठकले भन्नुभयो, "सहरी विकास मन्त्रालयले बागलुङमा विनियोजन गरेको बजेटमा प्राथमिकतामा पञ्चकोट परेको छ।" महायज्ञमा उठेको दान दक्षिणाकै भरमा सुरु भएको पञ्चकोटको निर्माण कार्यमा सरकारको ध्यान पुगेकोमा सर्वसाधारण खुसी छन् । गण्डकी प्रदेश सरकारले पनि आगामी आर्थिक वर्षको बजेटमा पञ्चकोटलाई सम्बोधन गरेको छ। नयाँ पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न पञ्चकोटमा पूर्वाधार विकासका लागि बजेटको व्यवस्था भएको बागलुङ क्षेत्र नं १ (क) प्रदेसभा सदस्य इन्द्रलाल सापकोटाले बताउनुभयो । विनियोजित रकमको अङ्क भने मन्त्रालयगत बाँडफाँडमा तोकिने छ । बागलुङ नगरपालिकाभित्रका ताराजालकोट, राङराङकोट, माझकोट, कारीकोट र संसारकोट मिलाएर पञ्चकोटको नामाकरण गरिएको यस क्षेत्रमा संसारकै अग्लो विश्व शान्ति कलशसमेत निर्माण गरिँदैछ। कलश निर्माणपछि पञ्चकोटमा बाह्य पर्यटकसमेत आउने अपेक्षा गरिएको छ । समुद्री सतहदेखि एक हजार १०० मिटरको उचाइमा अवस्थित पञ्चकोटबाट अन्नपूर्ण, धौलागिरि, निलगिरीलगायत दर्जन बढी हिमशृङ्खला देख्न सकिन्छ।

पञ्चकोट पुग्ने पर्यटकको सङ्ख्या वृद्धि हुन थालेपछि वडाले पनि आफ्ना कार्यक्रम पञ्चकोट लक्षित बनाउन थालेको छ । पर्यटकको सुविधाका लागि पञ्चकोट क्षेत्र आसपासमा खाना, बाँसलगायतका सुविधा प्रधान गरेर आर्थिक गतिबिधि बढाउने योजना रहेको वडाध्यक्ष रुद्रबहादुर केसी बताउनुहुन्छ।

करिब १०० रोपनी क्षेत्रफलमा तीन तलाको अतिथि आवास तथा कन्या गुरुकुल, रेलिङसहितको पदमार्ग निर्माण भइसकेको छ । गण्डकी माताको मन्दिर र गरुणशिलाको निर्माण पनि पूरा भइसकेको छ। सिसमहल, सत्संग भवन, गणेश मन्दिर, हनुमानको मूर्ति, पाहुना घर बनिसकेको छ । पाँच हजार ५५५ केजीको महाघन्टाका लागि आवश्यक संरचना तयार छ। त्यस्तै, सभा भवन निर्माणाधीन अवस्थामा छ।

# जलविद्युत् आयोजना प्रभावितका लागि 'आइपिओ' खुला

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असार**

सयपत्री हाइड्रोपावरले आयोजा प्रभावित क्षेत्रका बासिन्दाका लागि साधारण शेयर (आइपिओ) निष्कासन तथा बिक्री खुला गरेको छ।

कम्पनीले प्रतिकित्ता रु १०० अङ्कित दरमा रु तीन करोड मूल्य बराबरको तीन लाख कित्ता प्रारम्भिक सार्वजनिक निष्काशन (आइअियो)को बिक्री खुला गरेको हो । आयोजना प्रभावित बागलुङको ताराखोला गाउँपालिका र गलकोट नगरपालिकाका बासिन्दाका लागि साधारण शेयरको बिक्री खुला गरिएको कम्पनीले जनाएको छ।

कम्पनीका स्थानीय प्रतिनिधि जीवन बस्नेतले शेयर खरिदका लागि यही असार १६ गतेसम्म आवेदन दिन सकिने बताउनुभयो।

सो अवधिमा मागअनुसार आवेदन नपरे असार ३० गतेसम्मलाई म्याद थप हुनसक्ने उहाँको भनाइ छ । न्यूनतम १० देखि ३० हजार कित्तासम्म शेयर खरिदका लागि दरखास्त दिन सकिने कम्पनीले जनाएको छ।

स्थानीयवासीले ग्लोबल आइएमई बैंकको बागलुङ शाखा, गलकोट शाखा, प्रभु बैंकको गलकोट शाखा र ताराखोला शाखाबाट शेयर खरिदका लागि आवदेन दिन सक्नेछन्। आयोजना प्रभावित क्षेत्रका बासिन्दा भएको प्रमाणित गर्ने स्थानीय तहबाट जारी कागजातलाई अनिवार्य समावेश गरी दरखास्त बुझाउनुपर्ने जनाइएको छ । कम्पनीलेताराखोलागाउँपालिका-३ मा साढे दुई मेगावाटको 'दरमखोला-ए जलविद्युत् आयोजना' निर्माण गरेको छ । रु ५१ करोडको लागतमा बनेको उक्त आयोजनामा ७५ प्रतिशत लगानी गैरआवासीय नेपालीको छ। निजी क्षेत्र र स्थानीयवासीले पनि आयोजनामा लगानी गरेका छन्।

# मालढुङ्गा-बेनी सडक दैनिक चार घण्टा बन्द

**पोखरापत्र संवाददाता**
**पर्वत, ३ असार**

मुस्ताङ र म्याग्दीलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मालढुङ्गा-बेनी सडक शुक्रबारदेखि दैनिक चार घण्टा बन्द हुने भएको छ।

स्तरोन्नति भइरहेको मालढुङ्गा-बेनी सडक चौडा गर्न चट्टान काट्नुपर्ने भएकाले दैनिक चार घण्टा बन्द गर्न लागिएको कालीगण्डकी करिडोर बेनी-जोमसोम कोरला सडक आयोजनाका प्रमुख जगत प्रजापतिले जानकारी दिनुभयो । निर्माणको कामलाई सहजरूपमा गति दिन असार ३२ गतेसम्म दैनिक चार घण्टा सवारी साधन चलाउन बन्द गर्ने निर्णय भएको प्रजापतिले जानकारी दिनुभयो।

आयोजना कार्यालयले सूचना जारी गर्दै प्रत्येक दिन बिहान ११ देखि दिउँसो ३ बजेसम्म मालढुङ्गा-बेनी सडकमा यातायात बन्द गर्ने जनाएको छ । सवारीसाधनको चापले सडक विस्तारको काम प्रभावित बनेपछि बेनी-जोमसोम-कोरला सडक आयोजनाले प्रशासनको अनुमतिमा सडक बन्द गर्ने सूचना जारी गरेको हो। तेह्र किलोमिटर दूरीको उक्त सडक स्तरोन्नति र कलोपत्रको काम भइरहेको छ । सवारी आवतजावत बन्द गरिएको अवधिमा सवार ीसाधनको डाइभर्सन र ब्यवस्थापनका लागि सुरक्षा निकाय तथा सहजीकरणका लागि पर्वत, म्याग्दी, बागलुङ र कास्की जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरिने भएको छ।

एम्बुलेन्स र बिरामी बोकेका सवारीसाधन तथा विकास निर्माणका अत्यावश्यक सवारी साधन सञ्चालनमा भने सहजीकरण गरिने छ । मालढुङ्गा-बेनी सडक बन्द भएको समयमा बागलुङ-रत्नेचौर-बेनी हुँदै वैकल्पिक सडक प्रयोग गर्न सकिन्छ । एपेक्स-खड्का कृष्ण जेभीको सहायक ठेकेदार कम्पनी ओमकारेश्वरका सञ्चालक अमृत दाहालले वर्षायाम सुरु भए पनि सडक निर्माणलाई तीव्रता दिन सवारीसाधन रोकेर काम गर्न समय मागिएको बताउनुभयो।

कुश्मा नगरपालिका-१ स्थित मालढुङ्गाबाट जलजला गाउँपालिका-८, ७, ४ र ३ हुँदै म्याग्दीसदरमुकाम बेनी जोड्ने १३ किलोमिटर सडक विस्तार र सुधार गरी दुई लेनको बनाउन लागिएको आयोजनाले जनाएको छ। मालढुङ्गा-बेनी सडक चीन र भारत जोड्ने नेपालको सबैभन्दा छोटो सडक कालीगण्डकी करिडोरअन्तर्गत पर्छ । विसं २०७७ चैतमा रु ५२ करोड ८६ लाखमा ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले विभिन्न खण्डमा मजदुर र उपकरण परिचालन गरेर सडक विस्तार, पर्खाल र नाली निर्माणको काम गरिरहेको छ। हाल पक्कीसहित करिब ६ मिटरको हाराहारीमा रहेको सडकलाई नौ मिटर बनाएर एक मिटरको नाली र दुई लेनमा आठ मिटर चौडाइका दरले अमेरिकी आक्सपाल्ट प्रविधिको कालोपत्र गर्न लागिएको हो।

विसं २०४८ मा 'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत सुरु गरिएको उक्त सडक २०६८ सालमा कालोपत्र गरिएको थियो । पछिल्लो समय सडक जीर्ण थियो। पहिरा तथा बाढीका कारण बेला बेलामा यातायात सेवा प्रभावित हुने गरेको छ।

# घाँसमा आधारित पशुपालन किसानलाई किम्बु वितरण

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३ असार**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले घाँसमा आधारित पशुपालन किसानलाई ३० हजार किम्बु घाँसका बिरुवा प्रदान गरेको छ । व्यावसायिक रुपमा पशुपालन गरेका किसान समूह र व्यक्तिगत किसानलाई किम्बुका बिरुवा निःशुल्क रुपमा वितरण गरिएको हो।

कार्यालयले चितवनको भण्डाराबाट प्रति बिरुवा ढुवानीबाहेक रु दुईका दरले तीस हजार बिरुवा खरिद गरेर किसानलाई वितरण गरिएको कार्यालयका पशु स्वास्थ्य प्राविधिक रुद्रसिं ठकुरीले जानकारी दिनुभयो।

छोटो समयमा धेरै घाँस उत्पादन हुने र एक वर्षमा पाँच पटकसम्म घाँस काट्न सकिने हुँदा किम्बु घाँस प्रभावकारी रहेको उहाँले बताउनुभयो। कार्यालयले नेपियर, स्मार्ट नेपियर, बदामे, नेपियर सिओ ३ र ४ लगायतका घाँसका बिरुवा निःशुल्क प्रदान गर्दै आएको सो कार्यालयले जनाएको छ । किम्बुका बिरुवा समूहमा दुई हजार पाँच सयका दरले र व्यक्तिलाई १०० देखि १५० का दरले प्रदान गरिएको छ । "थोरै क्षेत्रफलमा पनि धेरै घाँस उत्पादन गर्न सकिने हुँदा विभिन्न उन्नत जातका घाँसका बिरुवा किसानलाई प्रदान गर्दै आएका छौँ", उहाँले भन्नुभयो "भेटेरिनरी अस्पतालले बीस हजार बिरुवा उत्पादन गरिरहेकाले उक्त बिरुवा पनि किसानलाई निःशुल्क वितरण गरिनेछ ।" कार्यालयका अनुसार कार्यालय परिसरमा राइखनियो दुई हजार ५००, निवारो पाँच हजार र रेड नेपियर एक हजार नर्सरीमा उत्पादन गरिरहेको उहाँले बताउनुभयो।

# पूर्वाधार निर्माण पछि उज्यालिँदै ज्यामरुककोट

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ असार**

म्याग्दीको बेनी नगरपालिका-२ मा पर्ने करीब छ सय वर्ष पुरानो इतिहास र सम्पदाको साक्षी बनेर रहेको ज्यामरुककोतमा पूर्वाधार निर्माण हुन थालेपछि त्यहाँस्थित खड्गभवानी परिसर सवैको आकर्षणको केन्द्रबिन्दु बन्दै गएको छ।

त्यहाँ विगत दुई वर्षयता धमाधम विकासका पूर्वाधार निर्माण भइरहेका छन् । उक्त नगरपालिका, गण्डकी प्रदेश सरकार र खड्ग भवानी कोत व्यवस्थापन समितिको संयुक्त पहलमा पदमार्ग, प्रवेशद्वार, घेराबार, विभिन्न देवीदेवताका मन्दिर, टेलिकमको फोर जी टावरलगायत पूर्वाधार निर्माण भएपछि पहिला-पहिला सुनसान देखिने यो स्थलले सबैलाई आकर्षण गर्न सफल भएको हो। भकुण्डेदेखि खड्गभवानी कोत जोड्ने पक्की सिँढीसहितको २५० मिटर पदमार्ग निर्माण गरिएको छ। गण्डकी प्रदेशको उद्योग वन, वातावरण तथा पर्यटन मन्त्रालय र नगरपालिकाको आर्थिक सहयोग तथा स्थानीयवासीको सक्रियतामा उकालो बाटोमा ३५३ वटा सिँढीसहितको पदमार्ग निर्माण भएपछि ऐतिहासिक, धार्मिक तथा पर्यटकीयस्थल खड्ग भवानी कोत पुग्न सहज भएको छ।


## Vacancy Announcement

Vacancy Notice No.: GPH-EVA-26-2078-79

INTERNATIONAL NEPAL FELLOWSHIP

**International Nepal Fellowship (Nepal)** is Non-Government Organization established in 1952 and serving poor and disadvantaged people of Nepal to enable life in its fullness through health and development service. INF Nepal is currently working in health and community development service in Gandaki, Lumbini, Karnali and Sudurpashim provinces of Nepal.

INF Nepal Green Pasture Hospital (GPH), Pokhara, serving peoples with specialized treatment and rehabilitation services in leprosy, dermatology, spinal cord injuries & other neglected trauma, ear car, palliative care etc. is looking for qualified, skilled, service oriented and committed Nepali citizens who share our vision, missions and values.

**1. Position: Medical Lab Technologist    Required Number: 1    Location: GPH, Pokhara**

**Purpose of the Job:**
To manage Laboratory department to provide high quality laboratory services through accurate testing procedures, correct analysis, and reliable reports which enable the medical team to manage patient's conditions properly.

**Required Qualifications, Skills and knowledge:**
- Bachelor's degree in Medical Laboratory Technology, with registration at Nepal Professional Health Council (NPHC).
- Must have a minimum of 2 years of clinical work experience.
- Must be able to demonstrate clinical sensitivity and confidentiality.
- Have skills to use automated and technical equipment.
- Good computer knowledge of MS Word, PowerPoint, Email & Internet.
- Experience in using hospital software/systems will be an advantage.
- Prefer experience in budget planning and management.
- Uses initiative and is able to work under limited supervision.
- Good eyesight to differentiate between colours and fine structural differences of microscopic specimens.
- Able to ensure and demonstrate INF Values in work and dealing with others.

**2. Position: Speech and Language Therapist    Required Number: 2    Location: GPH, Pokhara**

**Purpose of the Job:**
The post holder works as a member of the Ear Services team specifically located in the Audiology and Speech Therapy department. The role provides for the assessment and therapy of speech and language disorders in children and adults. Including speech, hearing, balance and swallowing and communication rehabilitation. Provide assistance to audiology services when required. Input to the nursing team to include specific training related to a communication disorder. Also need to take part in and develop pieces of training in specialty areas.

**Required Qualifications, Skills and knowledge:**
- Bachelor's degree in speech and language therapy/ audiology, with registration at the Nepal Professional Health Council (NPHC), with minimum one year of work experience, however freshers also can apply
- Practical experience in audiology and speech therapy will be an advantage
- Good team player
- Good computer knowledge of MS Word, PowerPoint, Email & Internet.
- Excellent interpersonal skills, flexible and self-motivated.
- Uses initiative and is able to work under limited supervision.
- Good written and spoken communication, networking and interpersonal skills in English.
- An advantage for those who are ready to work with and promote care for low-income clients.
- Able to ensure and demonstrate INF Values in work and dealing with others.

All eligible and interested candidates who meet the above criteria can send their application stating the post applied for with detailed curriculum vitae on given email address by **27th June 2022.**

INF Nepal, Pokhara
Email: recruitment@nepal.inf.org

Only shortlisted candidates will be invited to participate in further assessment and selection process. **INF Nepal encourages applications from persons with disabilities disadvantaged and vulnerable groups.**

*INF Nepal reserves the right to hold partial or whole applications process any time without giving any reason whatsoever. Any effort by the candidates to influence the selection process may result to disqualify.*



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः १९८९ मंसिर १० गते

स्व. बिष्णु माया गोशली

स्वर्गारोहणः २०७९ जेठ २३ गते

हाम्रा आदरणीय मित्र पूर्व रामबजार पोखरा १५ र हाल न्युरोड निवासी गोशली हाउसका प्रोप्राइटर राम बजार तायाः मचाः नाच समिति राम बजार १०/१५ का सहयोगी सुशील कुमार गोशलीका ममतामयी माता **बिष्णु माया गोशली** को ८९ वर्षको उमेरमा असामयीक स्वर्गारोहण हुनुभएकोमा हामी रामबजारबासी अति मर्माहत भएका छौं । यस दुखद घडिको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

सम्मर बहादुर श्रेष्ठ
अध्यक्ष एवं
राम बजार तायाः मचाः नाच समिति
रामबजार १०/१५ पोखरा परिवार